म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ९१ २०८० फागुन ७ गते सोमबार 19 February 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## अग्नि नियन्त्रण अभ्यास

हेटौँडाः बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले चितवन जिल्लाको माडी नगरपालिकास्थित सोमेश्वर माध्यमिक विद्यालयमा विपद् पूर्वतयारी तथा प्रतिकार्य सचेतनाअन्तर्गत अग्नि नियन्त्रणसम्बन्धी सचेतनामूलक कार्य गरेको छ । मन्त्रालयका सचिव ध्रुव गैंडाको अध्यक्षता तथा माडी नगरपालिकाकी प्रमुख तारा कुमारी काजी महताको प्रमुख आतिथ्यमा अग्नि नियन्त्रण अभ्यास गरिएको हो ।

विद्यार्थी, शिक्षक, स्थानीयको उपस्थितिमा अग्नि नियन्त्रण अभ्यास गरिएको हो । अग्नि नियन्त्रणको अभ्यास हेरेपछि विद्यार्थीले पनि अग्नि नियन्त्रणको अभ्यास गरेका थिए ।

### नवप्रवर्तन र उद्यमशीलता सम्मेलन सकियो

# भारतीय शैक्षिक संस्था र म्यानेजमेन्टबीच सहकार्यको सम्झौता




*नवप्रवर्तन र उद्यमशीलताको विकासमा "सरकारसँग अपेक्षा" बहसमा सहभागी ।*




*भारतीय शैक्षिक संस्था र म्यानेजमेन्टबीचको सम्झौतापत्र आदानप्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः नवप्रवर्तन र उद्यमशीलतासम्बन्धी क्षमता विकासका लागि आयोजित अन्तर्राष्ट्रिय सम्मेलन सकिएको छ । शनिबार र आइतबार दुई दिन हेटौँडाको एभोकाडो एण्ड अर्किड रिसोर्टमा सम्पन्न सम्मेलनमा हेटौँडास्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइसेन्स र भारतको लुधियानास्थित पीसीटीई ग्रुप अफ इन्स्टिच्युट्सबीच सहकार्यको सम्झौता भएको छ । दुई दिन विभिन्न चरणमा नवप्रवर्तन र उद्यमशीलताको विषयमा विज्ञ, सरोकारवाला र सरकारी निकायका अधिकारीको प्रस्तुती, बहस र अन्तरक्रिया भएको थियो ।

आइतबार नवप्रवर्तन र उद्यमशीलता विकासमा "सरकारसँग अपेक्षा" शीर्षकको बहस भएको थियो । बहसमा बागमती प्रदेश नीति तथ योजना आयोगका उपाध्यक्ष प्रा.डा. नर बिक्रम थापा, संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत विदेशी लगानी तथा बौद्धिक सम्पत्ति शाखाका उपसचिव विमलप्रसाद बराल, हेटौँडा उपमहानगर पालिकाका निर्देशक अनिरुद्र नेपाल सहभागी हुनुहुन्थ्यो । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. थापाले दोस्रो आवधिक योजनाको अवधारणा तयार गरिरहेको आयोगले छिट्टै दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तयार पार्ने जानकारी दिनुभयो ।

आवधिक योजना बनाउँदै गर्दा प्रदेशको राजधानी हेटौँडालाई केन्द्रमा र खेर संघीय राजधानी काठमाडौं र छिमेकी मुलुक भारतको बिहार र उत्तर प्रदेशको उच्च जनघनत्वलाई समेत लक्षित गरी नयाँ उद्यम, व्यवसाय मात्रै नभई सेवा क्षेत्रमा पनि नयाँ अवसरको खोजी गरिने उपाध्यक्ष थापाले दावी गर्नुभएको छ । उपाध्यक्ष थापाले सेवा क्षेत्रमा शिक्षा पनि आकर्षणको रुपमा विकास गर्न सकिने उल्लेख गर्नुहुँदै प्रदेश सरकारले स्थापना गर्ने सार्वजनिक विश्वविद्यालयमा भारतको बिहार र उत्तरप्रदेशका विद्यार्थीलाई आकर्षित गर्न सकिने अपेक्षा गर्नुभयो ।

संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत विदेशी लगानी तथा बौद्धिक सम्पत्ति शाखाका उपसचिव विमलप्रसाद बरालले नवप्रवर्तन र उद्यमशीलताका लागि मन्त्रालयले गरेको कामको विषयमा जानकारी गराउनुभएको थियो । उहाँले सरकारले प्रयास गरे पनि सफलता हासिल हुन नसकेको स्वीकार्नुभयो । बहसमा सहभागी हेटौँडा उपमहानगरपालिकाका निर्देशक अनिरुद्र नेपालले औद्योगिक र उद्योग विकास गर्ने नीति उपमहानरले लिएको जानकारी गराउनुभयो । उहाँले नवप्रवर्तनमा पनि उपमहानगरको ध्यान रहेको जानकारी दिनुभयो । हेटौँडा उपमहानगर क्षेत्रको सडक-ढलका अधिकांश योजना सम्पन्न भइसकेको उल्लेख गर्नुहुँदै नेपालले भन्नुभयो, "अब आर्थिक विकास र समृद्धिकै लागि उपमहानगरले काम गर्ने हो । संघीय सरकारले नवप्रवर्तनका कार्यक्रम सञ्चालन गर्न देशका ४० पालिका छनोट गर्दा हेटौँडा पनि परेको छ । यसले नवप्रवर्तनमा सहयोग पुग्नेछ ।"

हेटौँडा उपमहानगरपालिकाको आर्थिक विकासकै सम्भावनालाई ध्यानमा राखेर भारतको बिहार राज्यको पटनासँग हेटौँडा उपमहानगरले भगिनी सम्बन्ध कायम गर्ने प्रयास भइरहेको नेपालले जानकारी दिनुभयो । केही समय उपमहानगरले गरेको एक अध्ययनले हेटौँडामा पटनाबाट भ्रमणका लागि आउने पर्यटकको संख्या उल्लेख्य रहेको उहाँले बताउनुभयो । नवप्रवर्तनकै लागि हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा दुइ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको उहाँको भनाइ छ ।

उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष स्वागत राज प्याकुरेलले सहजीकरण गर्नुभएको बहसमा सहभागीले संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले नवप्रवर्तन र उद्यमशीलतामा प्रभावकारी कार्यक्रम ल्याउन नसकेको गुनासो गरेका थिए । सरकारमा नेतृत्व गर्नेहरुले गम्भीरताका साथ नवप्रवर्तन र उद्यमशीलताको क्षेत्रमा काम गर्न नसकेको टिप्पणी सहभागीको थियो ।

यसैबीच भारतको लुधियानास्थित पीसीटीई र हेटौँडा स्कूल अफ म्यानेजमेन्टबीच सहकार्यको सम्झौता भएको छ । ५ वर्षका लागि गरिएको सम्झौतामा म्यानेजमेन्टका योजना तथा विकास निर्देशक दिपेश जोशी र लुधियानाका डा. नरेश सचदेवले हस्ताक्षर गर्नुभएको छ । १२ बुँदे सम्झौतामा विद्यार्थी, प्राध्यापकसँगै आवश्यक सूचना तथा जानकारी आपसमा आदान-प्रदान गर्ने, पीसीटीईले म्यानेजमेन्टलाई नेपालकै अग्रणी शैक्षिक संस्थाको रुपमा स्वीकार्ने उल्लेख गरिएको छ । विविध विषयमा सहकार्य गर्दै गर्दा दुवै संस्थाबीच सहमतिका आधारमा निर्णय लिइने उल्लेख गरिएको छ । सम्झौताअनुसार संयुक्त अनुसन्धानसँगै शैक्षिक एवम् साँस्कृतिक कार्य समेत गरिनेछ । छोटो अवधिका प्राध्यापक, विद्यार्थी तथा पेशागत तालिमको आयोजना गर्ने, प्रकाशन र सूचनाको आदानप्रदान, कार्यशाला तथा सम्मेलनको आयोजना गर्ने पनि सम्झौता भएको छ ।

पहिलो अन्तर्राष्ट्रिय सम्मेलनको समापनसँगै हरेक २ वर्षमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने हेटौँडा स्कूल अफ म्यानेजमेन्टले प्रतिवद्धता व्यक्त गरेको छ । हेटौँडा स्कूल अफ म्यानेजमेन्टले नेदरल्याण्डस र भारतका विज्ञको सहभागितामा सम्मेलनको आयोजना गरेको हो । सम्मेलन आयोजनाका लागि विश्वविद्यालय अनुदान आयोग, हेटौँडा उपमहानगरपालिका, उद्योग संघ मकवानपुर, बागमती प्रदेश युवा परिषद्, किङ्ग्स कलेज काठमाडौं, पुम नेदरल्याण्ड, नेपाली युवा उद्यमी, व्यवसायी मञ्चले सहयोग गरेको छ भने विभिन्न सरोकारवाला निकायको पनि साथ रहेको छ ।

# बागमती गोल्डकपको सेमिफाइनल समीकरण पूरा




समाज संवाददाता

फापरबारी (बागमती): मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । आइतबार अन्तिम क्वार्टरफाइनलका खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

आइतबार बागमती-८ स्थित जनता माविको खेलमैदानमा भएको अन्तिम क्वार्टरफाइनल खेलमा आयोजक बागमती खेलकुद विकास समितिलाई ४-० गोलअन्तरले हराउँदै विभागीय टोली त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । आर्मीको जीतमा जिलेस्पी जंग कार्कीले खेलको पहिलो हाफको २६ औं मिनेटमा, रास बुढा मगरले दोस्रो हाफको आठौं, फत्तेमान घलले १८औं मिनेटमा र कमल थापाले ३० औं मिनेटमा समान एक-एक गोल गरे । म्यान अफ द म्याच आर्मीका फत्तेमान घोषित भए । उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे । सेमिफाइनल प्रवेश गरेको आर्मीले अब फाइनल प्रवेशका लागि मंगलबार विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ । यसअघि एपीएफसहित मच्छिन्द्र फुटबल क्लब र न्यू रोड टिम एनआरटी सेमिफाइनल प्रवेश गरिसकेको छ ।

प्रतियोगिता अन्तर्गत पहिलो सेमिफाइनल खेलमा सोमबार मच्छिन्द्र फुटबल क्लब र न्यू रोड टिमबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# नक्कली नोटसहित मनहरीका ४ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः नक्कली नेपाली नेटसहित प्रहरीले मनहरीका ४ जना युवालाई पक्राउ गरेको छ । शनिबार दिउँसो ४ बजेको समयमा इलाका प्रहरी कार्यालय मनहरी मकवानपुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मनहरी-८ बस्ने ३८ वर्षीय लोकेन्द्र मोक्तान, सोही स्थानका २९ वर्षीय बुद्ध लामा, २५ वर्षीय सुवास मोक्तान र मनहरी-९ का २२ वर्षीय ओनिश अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ । उनीहरुले मनहरी-६, खयरघारीस्थित हरियाली रेष्टुरेण्टमा खाजा खाई नक्कली हजारको नोट २४ थान दिई भागेका थिए ।

फरार भएका उनीहरुलाई मनहरी बजारमा लुकीछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरीले मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ७ दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको जानकारी दिएको छ ।



## सम्पादकीय

# प्रजातन्त्र दिवसको सार्थकता

मुलुकमा प्रजातन्त्र दिवस मनाउन थालेको ७ दशक नाघिसकेको छ । फागुन ७ गते मनाइने प्रजातन्त्र दिवस यस वर्ष आज सोमबार मनाइँदैछ । संघीय सरकारले ७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस ३ दिनसम्म विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको छ । १०४ वर्षको जहानियाँ राणा शासन अन्त्य भई देशमा प्रजातन्त्र स्थापना भएको दिन (२००७ साल फागुन ७)को स्मरणमा देशभर विविध कार्यक्रम गरी यो दिवस मनाइँदैछ । जनक्रान्तिका माध्यमबाट राणा शासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको यस दिनको गौरवलाई सम्मान गर्दै सरकारले फागुन ७ गते औपचारिक कार्यक्रमहरु गरेर प्रजातन्त्र दिवस मनाउँदै आएको छ । यस दिन देशभर सार्वजनिक बिदासमेत दिइएको छ । २०६२/०६३ को राजनीतिक परिवर्तनअघि प्रजातन्त्र दिवसलाई धुमधामसँग मनाउने गरिए पनि त्यसपछि भने यो दिवसको महत्व कम हुँदै गएको छ । मुलुकमा लोकतन्त्र र गणतन्त्र दिवससमेत मनाउन थालेपछि प्रजातन्त्र दिवस ओझेलमा परेको हो ।

यस वर्ष संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारले प्रजातन्त्र दिवस मनाउने भएको छ । प्रजातन्त्र दिवस केन्द्रित विशेष संवाद, परिसंवाद, रेडियो नाटक, लेखरचना प्रकाशनलगायत जनचेतनामूलक कार्यक्रम गर्ने निर्णय भएको छ । सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयमा राष्ट्रिय झण्डा सजाउने र साँझ दीप प्रज्वलन गरिनेछ । सबै जिल्लामा सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रमसमेत गर्ने निर्णय भएको छ । दिवसका दिन सैनिक मञ्च टुँडिखेलमा मूल समारोह आयोजना गर्नुका साथै नेपाली सेनाद्वारा बिगुल बजाउने तथा तोप र बन्दुकको बढाइँ गर्ने कार्यक्रम छ । सेनाको हेलिकप्टरबाट दिवसको ब्यानर प्रदर्शन गर्ने, टुँडिखेलमा पुष्पवृष्टि र झण्डा प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ । सातै प्रदेश र सबै स्थानीय तहमा दिवस आयोजक समिति गठन गरी विविध कार्यक्रम गरिने भएको छ । प्रदेश र स्थानीय तहले सरसफाइ, प्रभातफेरि, खेलकुद, प्रवचन, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनीजस्ता कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने निर्णय गरिएको छ ।

नेपाली जनताले गरेको आन्दोलन र संघर्षबाट देशमा प्रजातन्त्र आएको हो । प्रजातन्त्रकै जगमा लोकतन्त्र हुँदै अहिले देश संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ । २००७ सालमा प्राप्त प्रजातन्त्र २०१७ सालमा गुमाउनु परेका कारण मुलुकमा ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्था लागू भयो । पञ्चायती शासकहरुले नेपाली जनतामाथि गरेको अत्याचारको विरोधमा २०४६ सालमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको नेतृत्वमा नेपाली जनताले गरेका वलिदानीपूर्ण आन्दोलनबाट प्रजातन्त्रको पुनर्वहाली भयो । पुनर्वहाली भएको प्रजातन्त्रको राम्रोसँग प्रयोग गर्न नपाउँदै २०५२ सालबाट नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गऱ्यो । देशमा श्रृंखलाबद्ध हत्या, हिंसाका घटनासहितको माओवादी विद्रोह १० वर्षसम्म चल्यो । दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्र शाहको महत्वकांक्षाका कारण नेपाली जनताले २०६१ माघ १९ गते फेरि प्रजातन्त्र गुमाएसरह भयो । २०६२/०६३ को दोस्रो जनआन्दोलनबाट देशमा राजतन्त्रको अन्त्यसँगै संघीय लोकतान्त्रिक गणतन्त्रको उदय भयो ।

प्रजातन्त्रको मूल्य, मान्यताबमोजिम देशमा शासन व्यवस्था सञ्चालन हुन सकिरहेको छैन । देशले धेरै राजनीतिक आरोह अवरोह पार गर्दै आउँदासमेत प्रजातन्त्रको महत्व बुझ्न र बुझाउन सकिएको पाइँदैन । हरेक वर्ष सामान्य औपचारिकता पूरा गरेर मनाइने प्रजातन्त्र दिवसले प्रजातन्त्रको अनुभूति हुन सकेको छैन । प्रजातान्त्रिक मूल्य, मान्यताअनुसार शासन व्यवस्था सञ्चालन नहुँदासम्म प्रजातन्त्र दिवसको महत्व आम नागरिकले महसुस गर्न सक्दैनन् । नागरिकलाई देशमा प्रजातन्त्र रहेको अनभूति गराउन सकेमा मात्र यो दिवस मनाउनुको सार्थकता हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : आत्मबल र निर्णायक क्षमतामा वृद्धि हुने समय छ । |
| **वृष** | : ज्ञान र सीप बाँडेर जस लिने समय योग रहको छ । |
| **मिथुन** | : प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो रहला । |
| **कर्कट** | : इष्टमित्र र दाजुभाइसँगको सहयोग प्राप्त हुनेछ । |
| **सिंह** | : विभिन्न स्रोतबाट आय आम्दानी बढ्ने समय छ । |
| **कन्या** | : हाँके ताकेका काममा सफलता प्राप्त हुने समय छ । |
| **तुला** | : भावनाहरु साटासाट गर्दा मन हल्का हुने समय छ । |
| **वृश्चिक** | : धनसँग सम्बन्धित समस्याहरु समाधान होलान् । |
| **धनु** | : मित्रताको प्रस्ताव बढ्ने समय योग रहेको छ । |
| **मकर** | : आफन्त वा साथीभाइको निःस्वार्थ सहयोग प्राप्त होला । |
| **कुम्भ** | : शरीरमा थकान र उत्साहमा कमी आउने समय छ । |
| **मीन** | : सरल व्यवहारले कामबाट लाभ प्राप्त होला । |

# नेपालमा पर्यटक १६ वर्षमा एक करोड

**निनाम लोवत्ती**



सन् २०२३ मा नेपालका पर्यटन व्यवसायीहरूले अपेक्षा गरेभन्दा बढी विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन् । किनभने सन् २०२३ मा पुग-नपुग १० लाख विदेशी पर्यटक नेपाल भ्रमण गर्न आउलान् कि भन्ने अपेक्षा गरिएको थियो । तर, सन् २०२३ मा १० लाख १५ हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्, जुन संख्याले हामीलाई धेरै खुसी तुल्याएको छ । हुन त नेपाल सरकारका अर्थमन्त्री प्रकाशशरण महतले आर्थिक वर्ष २०८०-०८१ को वार्षिक बजेट पेस गर्दाखेरि नै सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने घोषणा गर्नुभएको थियो ।

तर, धेरैजसो पर्यटन व्यवसायीले नै नेपाल सरकारका अर्थमन्त्री प्रकाशशरण महतले लिएको १० लाखको सो लक्ष्य अलि नपुग्ला कि भन्ने आशंका गरेका थिए । यो पंक्तिकारले त अझ ९ लाख ७०-७५ हजारदेखि ९ लाख ८०-८५ हजार सम्म पुग्ला कि ? भन्ने अनुमान गरेको थियो । हुन पनि मैले केही लेखमा सन् २०२३ मा १० लाख विदेशी पर्यटक नेपाल भ्रमण गर्न आउँदै आउँदैनन् भनी लेखेको साँचो हो । तर, मैले अलिकतिले फेल खाएँ ।

खासमा सन् २०२३ को डिसेम्बर महिनामा विगत वर्षका डिसेम्बरमा भन्दा धेरै नै राम्रो संख्यामा विदेशी पर्यटक नेपाल भ्रमण गर्न आए । त्यसैले सन् २०२३ मा सहजै १० लाख विदेशी पर्यटकको संख्या पुगेको मात्रै होइन कि १० लाख १४ हजार ८ सय ७४ नै पुगेको छ । फेरि पनि भन्नुपर्दा हामीलाई यसले सुखद नै अनुभूति गराएको छ ।

अरू बेला हेरी यसपटक अलि छिट्टै सन् २०२४ जनवरी १ को बेलुकीपख नै नेपाल पर्यटन बोर्ड (एनटीबी) ले सन् २०२३ मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको वर्षभरिको तथ्यांक प्रकाशित गर्यो । सो तथ्यांकअनुसार सन् २०२३ को डिसेम्बरमा मात्रै ९६ हजार ५ सय ६८ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्, जुन तथ्यांक विगत वर्षका डिसेम्बरको तुलनामा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या अनपेक्षित रूपले बढेको थियो । हुन पनि तथ्यांककै कुरो गर्दा सन् २०२३ को अन्तिम महिना (डिसेम्बर) को दुई दिन बाँकी छँदै २०८० साल पुस १४ गते १० लाख ८ हजार ६ सय १४ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरिसकेको भनी नेपाल पर्यटन बोर्ड (एनटीबी) लाई उद्धृत गर्दै नेपाली र विदेशी सञ्चारमाध्यमहरूले समाचार प्रकाशित गरेका थिए । यसमा भारतको भूमि हुँदै नेपाल भ्रमण गर्न आएका सबै विदेशी पर्यटकको तथ्यांक समेटिएको छैन । त्यसैले अहिलेको १० लाख १४ हजार ८ सय ७४ जना विदेशी पर्यटकको जुन संख्या छ, त्यसमा अरू बढी पर्यटकको संख्या थप हुन सक्ने देखिन्छ ।

त्यसो त नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको संख्याकै कुरो गर्दा सन् २०१९ मा हालसम्मकै धेरै संख्यामा विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । तथ्यांकअनुसार सो वर्ष ११ लाख ९७ हजार १ सय ९१ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । त्यस्तै सन् २०१८ मा ११ लाख ७३ हजार ७२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । सो संख्या सन् २०१७ को तुलनामा २४.८ प्रतिशतले बढी थियो । त्यस्तै गरेर सन् २०१७ मा ९ लाख ४० हजार २ सय १८ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यो भनेको सन् २०१६ को तुलनामा २४.८ प्रतिशतले नै बढी संख्या थियो । सन् २०१७ र २०१८ मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको संख्याको वृद्धिदर बराबरै थियो ।

त्यस्तै गरेर सन् २०१६ मा ७ लाख ५३ हजार २ जना विदेशी पर्यटकले नेपालको भ्रमण गरेका थिए भने यो संख्या भनेको सन् २०१५ को तुलनामा माइनस ०.९ प्रतिशतले कमी थियो । त्यस्तै सन् २०१५ मा चाहिँ केवल ५ लाख ३८ हजार ९ सय ७० जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । त्यसको खास कारणचाहिँ नेपालमा भूकम्प जानु र भारत सरकारले नेपालमाथि नाकाबन्दी गर्नु रहेको थियो । हुन पनि उक्त वर्ष ठूलो पैमानामा विदेशी पर्यटकको आगमनमा कमी आयो । अर्थात् एकैचोटि लगभग एकतिहाइले नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटकको संख्यामा गिरावट आयो । तथ्यांककै आधारमा भन्नुपर्दा सन् २०१५ मा माइनस ३१ प्रतिशतले नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटकको संख्यामा कमी आएको थियो । उता सन् २०१४ मा भने ७ लाख ९० हजार ९२ जना विदेशी पर्यटकले नेपालको भ्रमण गरेका थिए भने यो संख्या सन् २०१३ को तुलनामा ०.९ प्रतिशतले कमी थियो ।

त्यस्तै गरेर सन् २०१३ मा पनि ७ लाख ९७ हजार ६ सय १६ जना विदेशी पर्यटकले नेपालको भ्रमण गरेका थिए । यो तथ्यांक हेर्दाखेरि सन् २०१३ र सन् २०१४ मा (दुई वर्ष नै) लगभग हाराहारी संख्यामा विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । तर सन् २०१२ मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको संख्यासँग तुलना गरेर हेर्दा ०.७ प्रतिशतले कमी रहेको थियो । हुन पनि सन् २०१२ मा ८ लाख ३ हजार ९२ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यो भनेको सन् २०११ को तुलनामा ९.१ प्रतिशतले बढी थियो । त्यस्तै गरेर सन् २०११ मा ७ लाख ३६ हजार २ सय १५ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यो संख्या भनेको सन् २०१० को तुलनामा २२.१ प्रतिशतले बढी थियो ।

सन् २०१० मा चाहिँ ५ लाख २ हजार ८ सय ६७ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए भने सन् २००९ मा ५ लाख ९ हजार ९ सय ५६ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । तथ्यांकअनुसार यो भनेको सन् २००८ को तुलनामा १.९ प्रतिशतले बढेको थियो, विदेशी पर्यटकहरूको नेपाल आगमनको संख्या । त्यस्तै गरेर सन् २००८ मा ५ लाख २ सय ७७ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । यो तथ्यांक भनेको सन् २००७ को तुलनामा माइनस ५ प्रतिशत रहेको थियो । जे होस्, यसरी नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको तथ्यांक हेर्दा सन् २००८ देखि सन् २०२३ को १६ वर्ष लामो अवधिमा बल्ल १ करोडभन्दा केही बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । अर्थात् विगत १६ वर्षमा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको संख्या १ करोड ३ लाख ८३ हजार पुगेको छ ।

जबकि हाम्रो देशको सरकारले नै विगत १२-१३ वर्षदेखि वार्षिक रूपमा कम्तीमा १०-१२ लाख, १५ लाख, २० लाख विदेशी पर्यटक ल्याउने भनी घोषणा गर्दै आएको छ । अझ राजनीतिक दल र तिनका नेताहरू त वार्षिक २५ लाख, ३० लाख, ३५ लाख, ४० विदेशी पर्यकट नेपाल भित्याउने भनी भाषण गर्छन्, घोषणापत्रमा लेख्ने गर्छन् ।

*(स्रोतः कारोबारदैनिक)*

# कसैलाई हृदयघात हुँदै गरेको देखे तत्काल के गर्ने ?



**डा. माधव विष्ट/मुटुरोग विशेषज्ञ**



हृदयघात जुनसुकै बेला हुनसक्छ । लक्षण देखिना साथ चाँडोभन्दा चाँडो उपचार भएन भने ज्यान जान सक्छ ।

यस्तोमा प्राथमिक उपचारबारे थोरै मात्र जानकारी पाउन सकियो भने ज्यान बचाउन सकिन्छ । हृदयघात भएको व्यत्तिललाई कसरी तत्काल बचाउन सकिन्छ ?

**सबैभन्दा पहिला लक्षण पत्ता लगाउनुपर्छ**

हृदयघातको लक्षण जति छिटो पहिचान गर्न सकिन्छ त्यति बच्ने आशा रहन्छ । हृदयघातको अट्याक आउँदा बिरामीलाई असहज हुन थाल्छ । छातीमा दुखाइसँगै बेचैनी बढ्न थाल्छ । बायाँ हात वा काँधतर्फ दुखाइ बढ्छ । गिजामा पनि दुखाइ सुरु हुन्छ । सास फेर्न कठिन हुन थाल्छ । पसिना आउँछ ।

यी लक्षणबाहेक मधुमेह भएकालाई पाचनमा समस्या, बान्ता आउने, सास लिन समस्या जस्ता लक्षण देखिन सक्छ ।

**तुरुन्त एम्बुलेन्स बोलाउने**

बिरामीमा यस्तो लक्षण देख्दा वरपर बस्ने व्यक्ति डराउन सक्छन् । यस्तोमा एकछिन दिमागलाई शान्त बनाउनु सबैभन्दा महत्त्वपूर्ण हुन्छ । शान्त दिमाग बनाई पहिला चिकित्सा मद्दत खोज्नु वा एम्बुलेन्सलाई कल गर्नुपर्छ । तर आलटाल गरी बस्नु हुँदैन ।

कतिपय अवस्थामा आलटाल गर्दा ज्यान जान सक्छ । हृदयघात हुनेबित्तिकै व्यक्ति ढल्दैन । केही मिनेट लक्षण देखिन्छ । यस्तोमा कैयौं बिरामी संकेत देखिए हृदयघात हुन लागेको मेसो पाउँदैनन् । एकछिनमा ठीक हुन्छ भन्दै अस्पताल जान हतार गर्दैनन् । ढिला गर्दा मुटुको मांसपेशीहरु मरिसक्छन् ।

त्यसैले लक्षण हेर्दा हृदयघातको शंका हुनेबित्तिकै एम्बुलेन्सलाई बोलाउनुपर्छ । त्यसमाथि पनि दीर्घरोग जस्तै मधुमेह, उच्च रक्तचाप भएको व्यक्ति घरमा छन् भने एक मिनेट पनि खेर जान नदिई एम्बुलेन्स वा गाडी घरमै छ भने तुरुन्त पायक पर्ने अस्पताल लाने तयारी गर्नुपर्छ ।

एम्बुलेन्स आउनुभन्दा अघि बिरामीलाई सजिलो समतल स्थानमा राख्नुपर्छ, जहाँ आराम महसुस गर्न सकोस् ।

**एस्पिरिन लिने**

एम्बुलेन्सलाई बोलाएपछि ३२५ एमजी डोजको एस्पिरिन औषधि छ भने एउटा ट्याबलेट ८१ एमजीको छ भने चारवटा ट्याब्लेट तुरुन्त खानुपर्छ । यो औषधि निल्नुभन्दा चपाउँदा छिटो प्रभाव देखाउँछ ।

एस्पिरिनले धमिनीभित्र जम्न सक्ने रगतको ढिक्कालाई टुक्राउन मद्दत गर्छ । र, अस्पताल नपुग्ने समयसम्म जोखिमलाई कम गर्छ ।

किनकि हृदयघातले मुटुको रक्तनली फुटेर रगतको ढिक्का जमाउन सक्छ । जसले रक्तसञ्चारलाई पूरा बन्द गरिदिनसक्छ ।

मुटुरोग, रक्तचाप र मधुमेह भएकाले यो औषधि सकिन्छ भने आफ्नो पकेटमा सधैं राख्ने गर्नुपर्छ । घरमा पनि यो औषधि अनिवार्य राख्नुपर्छ । ताकि संकेत देखिने बित्तिकै खान सकियोस् । यो औषधिले हृदयघात भए पनि जीवन बचाउन सक्ने कारण यसलाई 'प्राणरक्षक औषधि' पनि भनिन्छ ।

**आफैं सवारी चलाएर अस्पताल नजाने**

यस्ता लक्षण देखिंदैछ भने आफैं सवारी साधन चलाएर एक्लै जानु हुँदैन । किनभने यस्तो अवस्थामा व्यक्ति बिस्तारै बेहोस हुन पनि सक्छ । जसले सडक दुर्घटना हुनसक्छ ।

**बेहोस हुन लागेमा नाडी परीक्षण गरी सीपीआर सुरू गर्ने**

केही व्यक्ति सास लिनै कठिन भइराखेको छ वा बेहोस हुन लागेको अवस्था छ भने नाडी छाम्न सकिन्छ । नाडी छाम्दा नाडी र गर्दनमा दुई औंला बलियोसँग राखि स्थिर भएर धड्कन अनुभव गर्नुपर्छ । यसले शरीरमा रक्त सञ्चार भइरहेको थाहा हुन्छ ।

नाडी पत्ता लगाउन कठिन भइरहेको छ । र, अचेत अवस्थामा पुग्दै गरेमा तत्काल कार्डियोपल्मोनरी रिससिटेसन

*....बाँकी पृष्ठ ३ मा*

# चलचित्र पत्रकार संघको प्रथम राष्ट्रिय भेला सुरु




समाज संवाददाता

हेटौंडाः चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला सुरु भएको छ। हेटौंडामा आइतबारबाट सुरु भएको संघको राष्ट्रिय भेला मंगलबारसम्म चल्नेछ।

संघ स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा संघले हेटौंडाको पल्पसा प्याराडाइज होममा भेलाको आयोजना गरेको छ। भेलामा सिनेमा र पर्यटनसँग सम्बन्धित विभिन्न क्षेत्रका ११ वटा सेसन सञ्चालन गरिने अध्यक्ष समिर बलामीले जानकारी दिनुभयो।

कार्यक्रमको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले चलचित्र नरहे नेपाली संस्कृति र पहिचान नरहने टिप्पणी गर्नुभएको छ। चलचित्र क्षेत्र व्यक्ति र पेसागत भन्दा पनि राज्यको संस्कृति तथा पहिचानसँग जोडिएकोमा उहाँले जोड दिनुभयो। चलचित्र क्षेत्र व्यक्तिगत र पेसासँग भन्दा पनि संस्कृति र पहिचानसँग जोडिएको बताउँदै राज्यले चलचित्र निर्माणलाई प्रोत्साहन गर्नुपर्ने धारणा राख्नुभयो। विकास निर्माणसँगै चलचित्र क्षेत्रको विकासमा राज्यले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

राज्यले चलचित्र क्षेत्रको विकासका लागि शिघ्र ऐन निर्माण गरेर विकासमा उच्च मनोबलसहित काम गर्नुपर्नेमा उहाँको जोड छ। पर्यटकीय हिसाबले मकवानपुर महत्वपूर्ण रहेको र फिल्म स्टुडियो बनाउन हेटौंडा उपमहानगर पालिकाले जग्गा उपलब्ध गराउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो। बोर्डले नेतृत्व लिएमा उपमहानगरपालिकाले आर्थिक तथा सामाजिकरुपमा सहयोग गर्ने उहाँको भनाइ छ। मुलुक विकासमा फड्को मारे पनि जनता सन्तुष्ट नरहेको बताउँदै राज्यले व्यक्तिको जीवनस्तर, आर्थिक उपार्जन, उत्पादनमा काम गर्नुपर्ने नगर प्रमुख लामाले दाबी गर्नुभयो।

कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईले चलचित्र क्षेत्रले सेवा क्षेत्रको रुपमा मान्यता नपाउँदा समस्या भएको बताउनुभयो। उहाँले चलचित्र क्षेत्रको विकासका लागि विदेशी कलाकारको प्रयोग गर्न नपाउने व्यवस्था गरिएको बताउनुभयो। कार्यक्रममा बागमती प्रदेश सञ्चार रजिष्ट्रार रेवती सापकोटाले चलचित्र क्षेत्रको विकासका लागि प्रदेश सरकारले कानुन निर्माण गर्ने तयारी गरेको जानकारी गराउनुभयो। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ऐनको मस्यौदा तयार गरिरहेको उहाँको भनाइ छ। चलचित्र क्षेत्रको विकासका लागि चलचित्र पत्रकार र लेखनका लागि कार्यशाला सञ्चालन गरिरहेको सापकोटाले बताउनुभयो। एक वर्षभित्र चलचित्र क्षेत्रमा नयाँपनको महसुस हुनेगरी काम गरिरहेको उहाँको दाबी छ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले चलचित्रकर्मी र पत्रकारबिचको दुरी बढ्दो क्रममा रहेको बताउनुभएको छ। उहाँले विगतमा चलचित्र क्षेत्रको विकासमा कलाकर्मी र पत्रकार एकजुट भएर काम गर्ने गरेको भए पनि हाल उक्त परिस्थिति विपरित भइरहेको बताउनुभयो। अध्यक्ष केसीले चलचित्र ऐन नबन्दा चलचित्र क्षेत्रको विकासका काम गर्न समस्या भइरहेको बताउनुभयो। चलचित्र ऐन निर्माणका लागि बोर्डले काम गरिरेहको बताउँदै नेपाली चलचित्र क्षेत्र वर्तमान अवस्थामा आइपुग्नुमा पत्रकारहरुको अहम् भूमिका रहेको उल्लेख गर्नुभयो। विदेशी चलचित्रको अतिक्रमणबाट बचाउने र नेपाली चलचित्रलाई प्रोत्साहन गर्नेतर्फ पत्रकारहरुले भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो। अध्यक्ष केसीका अनुसार नेपालमा चलचित्र निर्माणका लागि स्टुडियो नहुँदा समस्या भइरहेको छ।

# २३ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम भएको छ। आइतबार बिहान भएको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन्।

रोटरी क्लब अफ हेटौंडाको आयोजनामा भएको कार्यक्रममा २३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। रोटरी क्लब अफ हेटौंडाको ११८ औं वार्षिक उत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् रक्तदान कार्यक्रम भएको हो।

कार्यक्रममा २ जना महिला र २१ जना पुरुषले रक्तदान गरेका छन्। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। यस्तै, आज सोमबार हेटौंडा-८ मा मनकामना टोल विकास संस्थाको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ।

# जनप्रियको ४० औं अभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालयको ४० औं वार्षिक अभिभावक भेला सम्पन्न भएको छ। शनिबार एक कार्यक्रमबीच अभिभावक भेला सम्पन्न गरिएको हो।

अभिवाभक भेलाको अवसरमा विद्यालयमा विभिन्न सांस्कृतिक नृत्य, तेक्वान्दो खेल प्रदर्शनी गरिएको विद्यालयका मिडिया संयोजक सुनिल गौतमले जानकारी दिनुभएको छ। कार्यक्रममा पूर्वप्रधानाध्यापक धनिकलाल साहलाई सम्मान गरिएको छ भने प्रधानाध्यापक भुपेन्द्र चौलागाईले शैक्षिक एवम् प्रशासनिक प्रतिवेदन पेश गर्नुभएको थियो।

विद्यालयले परीक्षामा प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेका थियो। विद्यालयले अभिभावक भेलाको अवसरमा विद्यालयको मुल प्रवेशद्वार उद्घाटन गरेको गौतमले बताउनुभयो। स्वर्गीय पिता टीकानाथ फुयाल र माता टीकादेवी फुयालको स्मृतिमा छोरा बद्रीप्रसाद फुयाल र बुहारी सीता फुयालले ५ लाख रुपैयाँ खर्च गरेर विद्यालयको मुल प्रवेशद्वार बनाइएको हो।

सामुदायिक विद्यालयमा देशकै पहिलो मिडिया स्टुडियोको उद्घाटन प्रमुख अतिथि प्रेमबहादुर पुलामीले गर्नुभएको थियो। अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया सुरु गरेको गौतमले जानकारी दिनुभयो। यसैगरी कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णपसाद घिमिरेको विशिष्ट आतिथ्य रहेको थियो।

## मेलम्चीमा करिब ८५ करोडको भ्रष्टाचार मुद्दा

# तत्कालीन ३ सचिव मुछिए

काठमाडौंः अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको दाबी गर्दै खानेपानी मन्त्रालयका तत्कालीन ३ सचिवसहित १५ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले भ्रष्टाचारमा संलग्न रहेको आरोपमा परामर्शदाता र निर्माण कम्पनी विरुद्ध पनि मुद्दा दायर गरेको छ। अख्तियारले मेलम्ची खानेपानी आयोजनाको ठेकेदारलाई रकम भुक्तानी गर्दा अनियमितता गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर गरेको हो।

अख्तियारले मेलम्ची खानेपानी विकास समितिका तत्कालिन बोर्ड अध्यक्षहरु डा. सञ्जय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर लाई प्रतिवादी बनाई मुद्दा दायर गरेको छ। उनीहरु तीनैजना खानेपानी मन्त्रालयको सचिवको हैसियतमा मेलम्ची खानेपानी विकास समितिको बोर्ड अध्यक्ष थिए। अख्तियारले अर्थ मन्त्रालयका तत्कालिन सहसचिव एवं मेलम्ची खानेपानी आयोजनाका बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेल विरुद्ध पनि मुद्दा दायर गरेको छ। उनी पनि नेपाल सरकारको सचिवबाट अवकाश पाएका व्यक्ति हुन्। खानेपानी मन्त्रालयका तत्कालिन सचिव सञ्जय शर्मा र पौडेलसँग अख्तियारले ६ करोड ९७ लाख रुपैयाँ विगो माग गरेको छ।

तत्कालीन सचिव भीमप्रसाद उपाध्याय विरुद्ध चार करोड ११ लाख बिगो मागदावी गरेको छ। अर्का सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध ६० करोड ४९ लाख रुपैयाँ विगो मागदावी गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ। अख्तियारले मेलम्ची खानेपानी आयोजनाको तत्कालीन् बोर्ड सदस्य रुद्रसिंह तामाङ, चन्द्रबहादुर थापाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। काठमाडौं महानगर पालिकाका तत्कालिन कार्यकारी अधिकृतको हैसियतमा बोर्ड सदस्य बनेका तामाङ हाल अध्यागमन विभागका महानिर्देशक छन्। अख्तियारले ११ करोड ९ लाख रुपैयाँ बिगो माग गर्दै भ्रष्टाचार मुद्दा दायर गरेपछि उनी निलम्बनमा परेका छन्। अख्तियारले बोर्डका अर्का सदस्य चन्द्रबहादुर थापाविरुद्ध भने ७१ करोड ५८ लाख रुपैयाँ विगो मागदावी गरेको छ। भ्रष्टाचार मुद्दा लाग्नेहरुमा मेलम्ची खानेपानी आयोजना विकास समितिका तत्कालीन कार्यकारी निर्देशकहरु घनश्याम भट्टराई, रामचन्द्र देवकोटा र सूर्यराज कँडेल पनि रहेका छन्। भट्टराईविरुद्ध २२ करोड ७५ लाख, देवकोटाविरुद्ध ३२ करोड ३५ लाख र कँडेलमाथि ८९ करोड ८ लाख रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारको दाबी छ।

मेलम्ची खानेपानी विकास समितिका लेखा उपसचिवहरु मणिभद्र न्यौपाने, बेगनाथ पौडेल, लेखा अधिकृत रामचन्द्र न्यौपानेमाथि ३२ करोड ३५ लाख रुपैयाँ राज्यकोषमा नोक्सान पुर्‍याएको आरोप छ। अर्का लेखा उपसचिव केदारप्रसाद अर्यालविरुद्ध ४४ करोड ७३ लाख रुपैयाँ राज्यकोषमा क्षति पुर्‍याएको अख्तियारको आरोप छ। अख्तियारले मेलम्चीका तत्कालिन सिनियर डिभिजनल इञ्जिनियर तथा उपकार्यकारी निर्देशक भोजबिक्रम थापाविरुद्ध ३२ करोड ३५ लाख रुपैयाँ बिगो माग गर्दै भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार ठेकेदारलाई गैरकानुनी रुपमा रकम भुक्तानी गरी राज्यकोषमा ८९ करोड ८ लाख रुपैयाँ हानीनोक्सानी पुर्‍याएको अभियोगमा यो मुद्दा दायर गरिएको हो। स्रोतः अनलाइनखबर।

# *कसैलाई फदयघात...*

(सीपीआर) गर्न सुरु गर्नुपर्छ।

**सीपीआर गर्ने तरिका**

सीपीआर गर्न छातीको केन्द्रमा बल लगाएर धक्का दिनुपर्छ। एक मिनेटमा लगभग १०० देखि १२० पटक धक्का दिनुपर्छ।

**कसरी हुन्छ उपचार ?**

हृदयघात एकिन भएपछि रगत पातलो पार्ने औषधिहरु एसपिरिन र क्लोपीडोग्रेल खुवाइन्छ। त्यसपछि क्याथ ल्याबमा लगिन्छ। बिरामीको मुटुको अवस्था हेर्न बीपी मोनिटोरिङ गरी एक्सरे सहायताले हातको नाडी वा खुट्टामा सानो प्वाल पारी पाइप छिराएर बन्द रहेको रक्तनली पत्ता लगाई सो नली खोलेर त्यहाँ (जाली वा पाइप) स्टेन्ट राखिन्छ। र, रक्तप्रवाहलाई सुचारु गरिन्छ।

यति गरेपछि अक्सिजनको प्रवाहमा सुधार आई छातीको दुखाइ काम हुन्छ। र, मुटमा रहेको मांसपेशी मर्दैन। बन्द भएको नसा जति चाँडो खोल्यो उति मुटुलाई बचाउने सम्भावना बढी हुन्छ। यसरी पाइप छिराएर नलीलाई खोल्ने प्रविधिलाई प्राइमरी एन्जियोप्लास्टी भनिन्छ।

**उपचार समयमा नपाउँदा**

हृदयघात हुँदा मुटुमा रगत लैजाने रक्तनली शतप्रतिशत बन्द हुन्छ, जसले मुटुको मासु मर्न थाल्छ। र, बिस्तारै मुटु फेल हुँदै मुटु वरपरको मांसपेशी मर्दै गई फेल हुन्छ। त्यति नै बेला विद्युतीय गडबडी हुन्छ। र, मानिसको ज्यान जान सक्छ। *(स्रोतः अनलाईनखबर)*

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## म हुँ सानी नानी



कोशिका सापकोटा

पुतली चिरबिर गर्छ ।
ज्ञानी हुनुपर्छ ।।
म हुँ सानी नानी ।
स्कुल सधैँ जानी ।।

गाग्रीभरि पानी ।
म हुँ सानी नानी ।।
शिक्षा पाउने हामी ।
हुन्छौं एकदिन नामी ।।

सबै मिली खेल्ने ।
आए दुःख झेल्ने ।।
लाग्छ घाउचोट ।
ज्ञानी हुने हो त ।।

कक्षाभरि साथी ।
हुन्न कहिले माथि ।।
संघर्षमा हिँड्ने ।
दुश्मनलाई पेल्ने ।।

*कक्षा-४*

## साथी



ब्रियन सञ्जेल


साथी साथी नाचौंला
हाँसी हाँसी खाउँला
झुटो कहिल्यै नबोल्ने
हामी तीनवटा साथी

गृहकार्य नगर्दा
सँगै गाली खाउँला
मेरो साथी
मेरो मन हो

तिमीलाई कहिल्यै भुलाउँदिन
मेरो प्रिय साथी
आशा गर्छु तिमीले पनि
मलाई बिर्सने छैनौ र

*कक्षा-३*

## पुतली



प्रभास पुडासैनी

पुतली भनेको
रङ्गीचङ्गी भएको ।।
फूलको रस चुसेको ।
समात्नलाई भागेको ।।
पाल्न भनी राखेको ।
हातबाट उडेको ।।।

*कक्षा- ३*


## बहिनी



दिप्लप भण्डारी

ताते ताते हिँडेको ।
हेर्दा पनि राम्रो ।।
मेरी बहिनी चकचके ।
दादा दादा भनेको ।।
तोते तोते बोलेको ।
धेरै धेरै राम्रो ।।
मेरी प्यारी बहिनी ।

## पानी



आदिप दाहाल

पिउनलाई पानी चाहिने
पानी हामीलाई सधैँलाई

पृथ्वीको आधा
उम्रेको छ पानी
आकाशमा पानी
पातालमा पानी

खोलामा पानी
समुद्रमा पानी
पानी बिना चल्दैन
हाम्रो जिन्दगानी

रुख, बिरुवा, जनावर
हामीलाई चाहिने पानी
पानी बिना बाँच्न
सक्दैनन् है कोही

*कक्षा-३*

## विद्यालयस्तरीय टी-२० क्रिकेट

# आधुनिक मावि फाइनलमा प्रवेश



**समाज संवाददाता**

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइल खेलमा ७ विकेटले विजयी हुँदै हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय फाइनलमा प्रवेश गरेको छ । समूह चरणको खेलहरुमा अपराजित यात्रालाई कायम राखेर ६ अंक जोडेको आधुनिक माविले तालिकाको शीर्ष स्थानमा रहँदै फाइनलमा यात्रा तय गरेको हो ।

हेटौंडा-४ स्थित हुप्रचौरमा टस जितेर पहिलो ब्याटिङ गरेको हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीले १९ ओभर ४ बलमा ८९ रन बनाएर सबै विकेट गुमाएको थियो । हेटौंडा एकेडेमीबाट सौरभ चौधरीले १३ रन बनाएका थिए । कृशराज ठकुरी र राजाबाबु पटेलले समान १२-१२ रन बनाएका थिए । आधुनिकका प्रिन्स यादवले सर्वाधिक ४ विकेट लिएका थिए । रोशन यादव, राहुल यादव र दीपेश यादवले समान १-१ विकेट लिएका थिए ।

हेटौंडा एकेडेमीले दिएको ८९ रनको लक्ष्य पछ्याएको आधुनिक राष्ट्रिय माविले १३ ओभर २ बलमा ३ विकेट गुमाएर लक्ष्य भेट्टायो । आधुनिकका आशीष अधिकारीले सर्वाधिक ३६ रन बनाएका थिए । प्रिन्स यादवले १७ रन र अभिनय यादवले १० रन बनाएका थिए । हेटौंडा एकेडेमीका लालबाबु अलि, इशान्त भण्डारी र एमडी असानले समान १-१ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच आधुनिकका प्रिन्स यादव घोषित भएका छन् ।

प्रतियोगिताअन्तर्गत् आज सोमबार दिउँसो १२ बजे फाइनल खेल हुनेछ । फाइनलमा आधुनिक राष्ट्रिय मावि र साविक विजेतासमेत रहेको भूटनदेवी माविबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# नदीको राजमार्गबारे विमर्श

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-४ स्थित साहित्य संगम मकवानपुरको सभाहलमा लघुकथा संग्रह नदीको राजमार्गबारे विमर्श भएको छ । दीपक समिपले लेख्नुभएका लघुकथा संग्रहबारे समीक्षक घनश्याम घिमिरे समीक्षा एवम् विमर्श गर्नुभएको हो ।

नदीको राजमार्गमा ६६ वटा लघुकथाहरु सग्रह गरिएको छ । सिद्धान्तका आधारमा केहि लघुकथा कमजोर भए पनि भाव, विचार एवम् व्यङ्ग्यचेतका आधारमा लघुकथा संग्रह प्रभावकारी देखिएको घिमिरेले बताउनुभयो ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा तुलसी घिमिरेको आतिथ्य रहेको थियो ।

# मकवानपुर बहुमुखी क्याम्पसको खेलकुद महोत्सव सम्पन्न



**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको ४४ औं वार्षिक उत्सवको अवसरमा भएको खेलकुद महोत्सव सम्पन्न भएको छ । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मकवानपुर क्याम्पसको आयोजनामा माघ १९ गते शुक्रबारदेखि सुरु भएको खेलकुद महोत्सव शनिबार सम्पन्न भएको हो ।

क्याम्पस सरसफाई तथा वृक्षरोपण गरेर महोत्सव सुरुवात गरिएको थियो । महोत्सवमा बास्केटबल, भलिबल, फुटबल, क्रिकेट, कबड्डी प्रतियोगिता भएका छन् । यस्तै, डोरी तान्ने, ब्याडमिन्टन, टेबल टेनिस र दौड प्रतियोगिता आयोजना गरिएको थियो । कविता प्रतियोगिता, गजल प्रतियोगिता, नृत्य प्रतियोगिता, गायन प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगितालगायतका कार्यक्रम गरी खेलकुद महोत्सव सम्पन्न गरिएको हो ।

विद्यार्थीहरुको क्षमता विकास गर्ने उद्देश्यले पढाइ सँगसँगै अतिरिक्त तथा खेलकुद कार्यक्रम आयोजना गरिएको स्ववियु मकवानपुर क्याम्पस अध्यक्ष छोइसाङ लामाले बताउनुभएको छ । मकवानपुर क्याम्पसका विद्यार्थीहरुलाई पढाइसँगै अन्य क्रियाकलापमा पनि सहभागी गराउन स्ववियुले विभिन्न कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ । 'अतिरिक्त क्रियाकलापका कारणले पढाइका साथै विद्यार्थीबीच असल सम्बन्ध विकास हुन्छ', स्ववियु अध्यक्ष लामाले भन्नुभयो- ' विद्यार्थीमका विभिन्न सीप तथा ज्ञानको विकास हुने यस्ता कार्यक्रममा सबै लाग्नुपर्छ ।'

खेलकुद महोत्सवअन्तर्गत्का विभिन्न प्रतियोगिताका प्रथम, द्वितीय र तृतिय हुने विद्यार्थीहरुलाई क्याम्पसको प्राङ्गणमा एक कार्यक्रमबीच पुरस्कृत गरिने जनाइएको छ ।

# जिल्लास्तरीय क्योकोसिन कराँते प्रतियोगिता हुँदै

**समाज संवाददाता**

हेटौंडाः नेपाल खेलकुद महासंघको १४ औँ स्थापना दिवसको अवसरमा जिल्लास्तरीय जुनियर क्योकोसिन कराँते प्रतियोगिता हुने भएको छ । शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै खेलकुद महासंघका अध्यक्ष सविन मोक्तानले यही फागुन १० गते हुन लागेको १४ औँ संस्करणको प्रतियोगिताबारे जानकारी गराउनुभएको हो ।

हेटौंडा-४ पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा हुने प्रतियोगितामा महिला र पुरुष गरी करिब १ सय ५० जना खेलाडीहरु सहभागी हुने अध्यक्ष मोक्तानले बताउनुभयो । प्रतियोगितामा महिला र पुरुषतर्फ ३० केजीदेखि ३५ केजी, ३५ केजीदेखि ४५ केजी र ४५ केजीदेखि ५० केजीभन्दा कम तौल समूहका खेलाडीबीच प्रतिस्पर्धा हुनेछ ।

पछिल्लो समयमा फुटबललाई मात्र प्राथमिकता दिएको भएर कराँते खेलको विकास गरेर जुनियर खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागेको बागमती प्रदेश खेलकुद महासंघका महासचिव जेनिश श्रेष्ठले जानकारी दिनुभएको छ । आर्थिक स्रोतको अभाव भए पनि खेलाडीहरुलाई प्रोत्साहन दिन, स्थानीय तहमा मार्शलआर्टस्को महत्वबारे जानकारी दिन र मकवानपुरमा नयाँ खेलाडीहरु उत्पादन गर्न प्रतियोगिताको आयोजना गर्न लागेको महासचिव श्रेष्ठले बताउनुभयो । अरु खेलहरुले भन्दा मार्शलआर्टस्मा बढी पदक प्राप्त हुने उहाँको भनाइ छ ।

फागुन १२ गते हुने डेमोस्ट्रेशन कार्यक्रमअन्तर्गत्, घ्याम्पे ब्रेकिङ, आइस ब्रेकिङ, टायल ब्रेकिङ र लठ्ठी ब्रेकिङ कला प्रदर्शनी गरिने जनाइएको छ । यस्तै, मोटरसाइकल पेटबाट गुडाउने, ढुंगा ब्रेकिङ र कराँतेको गीतमा नृत्य पनि प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई फागुन १२ गते हुने नेपाल खेलकुद महासंघको नगर अधिवेशन कार्यक्रममा स्वर्ण, रजत र कास्य पदक प्रदान गरिनेछ । प्रतियोगिताको उत्कृष्ट एक जना महिला खेलाडी र एक जना पुरुष खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ । प्रतियोगिता आयोजनाका लागि विभिन्न स्थानीय संघसंस्थाबाट आर्थिक सहयोग प्राप्त हुने जनाइएको छ । प्रतियोगिता आयोजनाका लागि करिब २ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# अंग्रेजीमा पढाउनेलाई अनुदान

**समाज संवाददाता**

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाले अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गर्ने विद्यालयलाई अनुदान दिने भएको छ । गाउँपालिकाको शिक्षा शाखाले हिजो बुधबार एक सूचना जारी गर्दै अंग्रेजी माध्यममा सञ्चालित विद्यालयलाई अनुदान रकम दावी गर्न भनेको छ ।

गाउँपालिकाको शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीका अनुसार मनहरी गाउँपालिकामा ३ वटा विद्यालयले अंग्रेजी माध्यममा पठनपाठन गरिरहेका छन् । अभिभावकमा अंग्रेजी माध्यमप्रति बढ्दो आकर्षणलाई पूरा गर्ने गरी विद्यालयले अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गर्न प्रोत्साहित गर्न अनुदान कार्यक्रम राखिएको पराजुलीको भनाइ छ । चालु आर्थिक वर्षमा पालिकाले ६ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

# मनकामना मन्दिर जाने बाटोको सरसफाइ

**समाज संवाददाता**

हेटौंडाः मकमनकामना मन्दिर पदयात्रामा पर्ने बाटोमा सरसफाइ गरिएको छ । जलवायु कार्यका लागि नेपाली युवा संस्थामा आवद्ध युवाहरुको समूहले मन्दिरको भ्रमण गर्ने क्रममा आइतबार बाटोको सरसफाइ गरेका हुन् ।


मनकामना मन्दिर हेटौंडाको उत्तरतर्फको डाँडाको उचाईमा पर्ने भएकाले हेटौंडाको विभिन्न ठाउँहरुको दृश्य हेर्न सकिन्छ । मनकामना मन्दिरको दर्शन तथा पदयात्राका लागि दैनिक सयौं मानिस आवतजावत गर्ने भएकोले सरसफाइ गरेको संस्थाका निश्चल भट्टराईले बताउनुभएको छ ।

मन्दिर जाने बाटोमा दुर्गन्ध नआओस् भन्ने उद्देश्यले सरसफाइ गरेको उहाँले बताउनुभयो । हेटौंडाका अधिकांश मानिसहरु मनकामना मन्दिरमा पूजा आराधना गर्न जाने भएकाले फोहोरजन्य वस्तुका कारण नकारात्मक प्रभाव नपरोस् भन्ने लक्ष्यसहित संस्थाका सदस्यहरुको सहभागितामा सरसफाइ गरिएको उहाँले बताउनुभयो ।

मन्दिरको पैदल मार्गमा धेरै प्लास्टिकजन्य फोहोर भएकाले पनि त्यहाँ सरसफाइ गर्नुपर्ने आवश्यक रहेको उहाँको भनाइ छ । त्यस क्षेत्रमा आउने पर्यटक तथा भक्तजनहरुमा फोहोरका कारण नकारात्मक असर पर्ने सम्भावना रहेकाले फोहोर न्यूनीकरण गर्न जरुरी रहेको उहाँले बताउनुभयो ।

सफाइको क्रममा मनकामना जाने बाटोमा अन्य फोहोरभन्दा गुट्खाजन्य फोहोर धेरै देखिएकाले यसमा स्थानीय सरकारको पनि ध्यान नपुगेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो- 'मानिसहरुमा सचेतनाको कमी र ठाउँठाउँमा फोहर व्यवस्थापन गर्ने भाँडोको कमी भएकाले सरसफाइमा समस्या छ । सबै सरोकारवाला निकायहरुबीच समन्वय गरी वातावरण सरसफाइको कार्यमा लाग्नुपर्छ ।' यस संस्थामा वन विज्ञान क्याम्पसका करिब ७० जना विद्यार्थीहरु आवद्ध रहेका छन् ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर




**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL


**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७









समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ